नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सामाजिक सुरक्षा कोष

मुद्दती खातामा लगानी गर्ने सम्बन्धी सूचना

यस सामाजिक सुरक्षा कोषको विभिन्न खाताहरुमा रहेको करीव **रु. ९ अर्ब ४० करोड** वरावरको रकम लगानी गर्नुपर्ने भएकोले नेपाल राष्ट्र बैंकबाट अनुमति प्राप्त तल उल्लेखित शर्तहरू पूरा गरेका "क" वर्गका वाणिज्य बैंकहरूबाट आफूले लिन चाहेको रकम, समय तथा उक्त रकमका लागि प्रस्ताव गरिएको व्याजदर समेत खुलाई सिलबन्दी दरभाउपत्र सम्बन्धी फाराम भरी यस कोषमा मिति २०८२/०३/०८ गते २:०० बजे भित्र आइपुग्ने गरी पठाउन आह्वान गरिएको छ ।

| **कूल लगानी योग्य रकम** | **लगानी अवधि** |
|---|---|
| **९ अर्ब ४० करोड** | **६ महिना देखि २५ महिना सम्म ।** |

शर्तहरू :

(क) नेपाल राष्ट्र बैंकबाट तोकिएको न्यूनतम चुक्ता पूँजी पुर्याएको साथै न्यूनतम पूँजीकोष अनुपात कायम गरेको, (११ प्रतिशत वा सो भन्दा बढी)

(ख) निष्कृय कर्जा (NPL) कुल कर्जा सापटीको ८ प्रतिशत र खुद निष्कृय कर्जा (Net NPL) अनुपात ३ प्रतिशत ननाघेको,

(ग) खुद तरल सम्पत्ति स्वदेशी निक्षेपको कम्तिमा २० प्रतिशत वा सोभन्दा बढी रहेको,

(घ) कर्जा/ स्वदेशी निक्षेप र प्राथमिक पूँजी अनुपात नेपाल राष्ट्र बैंकले निर्धारण गरेको सीमाभित्र रहेको,

(ङ) निकटतम अघिल्लो आर्थिक वर्षमा कर्जा नोक्सानी व्यवस्था पछि संचालन मुनाफामा रहेको,

(च) आवेदक बैंकका बहालवाला सञ्चालक, कार्यकारी प्रमुख वा कार्यकारी सञ्चालकलाई नेपाल राष्ट्र बैंकले कुनै पनि किसिमको आर्थिक जरिवाना नगरेको,

(छ) शीघ्र सुधारात्मक कारवाही वा समस्याग्रस्त घोषणा गरेको भएमा सो कारवाही फुकुवा भएको कम्तिमा ६ महिना व्यतित भएको,

(ज) सर्वसाधारणको लागि छुट्ट्याइएको शेयर जारी गरी सकेको ।

(झ) विस्तृत जानकारीको लागि कोषको कार्यालय थापाथली, काठमाण्डौंमा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ।

(ञ) सिलवन्दी व्याजदर प्रस्तावको ढाँचा यसै सूचना साथ संलग्न छ ।

(ट) प्रस्तावित ब्याज दर र रकम शिलबन्दी दरभाउ प्रस्ताव पेश गर्ने अन्तिम मितिले १ महिना अवधि सम्म घटाउन पाइने छैन ।

श्री कार्यकारी निर्देशकज्यू,
सामाजिक सुरक्षा कोष,
थापाथली, काठमाडौं ।

विषय : शिलबन्दी दरभाउ पेश गरेको सम्बन्धमा ।

त्यस कोषको विभिन्न कोषहरूमा रहेको रकम वाणिज्य बैंकहरूमा लगानी गर्ने सम्बन्धमा तहाँबाट मिति २०८२/०३/०२ मा भएको आह्वान बमोजिम तोकिएका सबै शर्तहरू यस बैकले पूरा गरेको घोषणा गर्दै यो दरभाउपत्र पेश गरेका छौं ।

| क.स. | प्रस्तावित ब्याजदर | अवधि | लिन चाहेको रकम | |
|---|---|---|---|---|
| | | | न्यूनतम( रू ५० लाख ) | अधिकतम |
| | | ...................... | | |

यस..........................को........................महिनाको वित्तीय सूचकांक यस प्रकार रहेको छ।

| क.स. | विवरण | वित्तीय सूचकांक |
|---|---|---|
| १. | पूँजीकोष : | |
| २. | निष्कृय कर्जा (Non-Performing Assets) : | |
| ३. | खुद तरल सम्पत्ति / स्वदेशी निक्षेप (Net Liquidity) : | |
| ४. | कर्जा / स्वदेशी निक्षेप तथा प्राथमिक पूँजी अनुपात(CCD Ratio) : | |
| ५. | पूँजीकोष अनुपात (CAR): | |
| ६. | सर्वसाधारणको कुल निक्षेप (रू) : | |
| ७. | चुक्ता पूँजी (रू) : | |

संस्थाको आधिकारिक पदाधिकारीको नाम :- .....
दस्तखत :— .............................................
संस्थाको नाम :- ....................................
संस्थाको ठेगाना :- ..................................
संस्थाको छाप :- ....................................
मिति :- .............................................